# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
## देवचुली नगरपालिका
## नवलपरासी व.सु.पूर्व




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । उल्लिखित संवैधानिक तथा कानुनी व्यवस्था एंव नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा यस स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका पक्षबाट विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गर्नु तथा सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।लेखापरीक्षणमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जवाफदेहिता एवं पारदर्शिता, सेवा प्रवाह लगायतका विषयहरुको मूल्याङ्कन गरिएको छ ।

लेखापरीक्षणमा मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण तथा स्रोत व्यवस्थापन, आय सङ्कलन, राजस्व छुट, बजेट अनुशासन, वर्षान्तको खर्च, खरिद व्यवस्थापन, अनुत्पादक तथा वितरणमुखी खर्च, योजना प्राथमिकीकरण, आयोजना छनोट, उपभोक्ता समितिबाट भएका निर्माण कार्य, दीर्घकालीन विकासका खाका तर्जुमा लगायतका व्यहोरा औंल्याइएको छ ।

लेखापरीक्षणबाट स्थानीय तहमा आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको छ । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीबाट स्थानीय तहका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(गण्डकी प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ११२

मितिः २०७९।३।२६

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
देवचुली नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
नवलपरासी व.सु.पूर्व ।

**कैफियत सहितको राय**

हामीले देवचुली नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्णरुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.३ करोड ९ लाख ३२ हजार बेरुजू देखिएको छ। सोमध्ये प्राप्त प्रतिक्रियाबाट रू.६४ लाख ९७ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.२० लाख ७७ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.७३ लाख २१ हजार, नियमित गर्नुपर्ने रू.८१ लाख ९५ हजार र पेश्की रू.६८ लाख ४२ हजार रहेको छ । गतवर्ष रु.६ करोड ५५ लाख २२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछर्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.८ करोड ४१ लाख ८६ हजार रहेको छ । **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। नगरपालिकाबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर कार्यपालिका, नगरप्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शम्भु कुमार श्रेष्ठ)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

देवचुली नगरपालिका

## बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ४७ | ७० | ३०९३२ | - | १७ | ६४९७ | ४७ | ५३ | २४४३५ | २०७७ | ८१९५ | ७३२१ | - | - | १५५१६ | ६८४२ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नवलपुर | ६५५२२ | - | ५७७१ | ५९७५१ | - | २४४३५ | ८४१८६ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : देवचुली नगरपालिका, नवलपुर , देवचुली नगरपालिका , नवलपरासी पूर्व भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गोविन्द सिग्देल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अनिता काफ्ले | २०७७-१०-१६ | |
| लेखा प्रमुख | श्रीभद्र पौडेल | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ३०,९३१,६०१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ९,९९,५७,३८१.५९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७०,३७,६६,४८० | **चालु खर्च** | ६४,३५,७४,२४९.७६ |
| **प्रदेश सरकारबाट अनुदान** | २,५२,४८,००० | **पूँजीगत खर्च** | १७,२६,९९,७०६.४१ |
| **राजश्व बाँडफाँट** | ८,९८,१९,६८९.२४ | **वित्तीय/अन्य व्यवस्था** | ४,७३,१७,२७८.५१ |
| **आन्तरिक आय** | ७,७९,९७,६०८.८९ | | |
| **अन्य आय** | ८,१८,१६,७६६.०६ | | |
| **कुल आय** | ९७,८६,४८,५४४.१९ | **कुल खर्च** | ८६,३५,९१,२३४.६८ |
| **बाँकी मौज्दात** | | २१,५०,१४,५११.१ | |



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | उल्लेखित आर्थिक कारोवारहरूको स्वीकृत समष्टिगत तथा इकाईगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार र कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन । उल्लिखित लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा कार्यालय प्रमुख समेतका पदाधिकारीहरूसँग मिति २०७८।१२।२६ मा छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू निम्नानुसार छन्: | |
| २ | | | **परिचयः**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १७ वडा, ८९ सभा सदस्य, ११२.७२ वर्ग किलोमिटर क्षेत्रफल तथा ५९४०० जनसंख्या रहेको छ । | |
| ३ | | | **सञ्चितकोषको हिसाबः**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७७।०७८ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः | |

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१

प्राप्ती भुक्तानी हिसाव

| विवरण | टिप्पणी | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ७९,२२,६४,७९२.११ | ८०,८९,६०,२४५.१९ | | ८०,८९,६०,२४५.१९ | ७८,६३,९७,३५८.८२ | | ७८,६३,९७,३५८.८२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ७३,११,९८,४७९ | ७३,३१,०२,३७९.१३ | ० | ७३,३१,०२,३७९.१३ | ६०,५०,८६,६७९.२० | ० | ६०,५०,८६,६७९.२० |
| ११००० कर | ११ | १२,८९,४७,२०० | १४,८६,६१,२८३.७९ | ० | १४,८६,६१,२८३.७९ | ९,९८,२६,७७१.९८ | ० | ९,९८,२६,७७१.९८ |
| १३००० अनुदान | | ५८,८७,५१,२७९ | ५६,५२,८५,०८१ | ० | ५६,५२,८५,०८१ | ४५,८८,६३,२६७ | ० | ४५,८८,६३,२६७ |
| संघीय सरकार | १२ | ५६,०४,३४,२७९ | ५४,३५,८०,०८१ | ० | ५४,३५,८०,०८१ | ४३,३५,०३,००० | ० | ४३,३५,०३,००० |
| प्रदेश सरकार | १२ | २,८३,१७,००० | २,१७,०५,००० | ० | २,१७,०५,००० | २,१६,७५,००० | ० | २,१६,७५,००० |
| अन्तरिक श्रोत | | ० | ० | ० | ० | २८,८५,२६७ | ० | २८,८५,२६७ |
| जनसहभागिता | | ० | ० | ० | ० | ८,००,००० | ० | ८,००,००० |
| १४००० अन्य राजस्व | | १,३५,००,००० | १,९१,५६,०१४.३४ | ० | १,९१,५६,०१४.३४ | ४,६३,९६,६४०.२२ | ० | ४,६३,९६,६४०.२२ |
| ख. अन्य प्राप्ति | | ६,१०,६६,३१३.११ | ७,५८,५७,८६६.०६ | | ७,५८,५७,८६६.०६ | १८,१३,१०,६७९.६२ | | १८,१३,१०,६७९.६२ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | ५,८०,६६,३१३.११ | ६,१२,२७,८४८.११ | ० | ६,१२,२७,८४८.११ | २,५१,२१,४४२.९८ | ० | २,५१,२१,४४२.९८ |
| धरौटी | | ० | १,४६,३०,०१७.९५ | ० | १,४६,३०,०१७.९५ | ६६,२४,१८८.६४ | ० | ६६,२४,१८८.६४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ३०,००,००० | ० | ० | ० | १४,९५,६५,०४८ | ० | १४,९५,६५,०४८ |
| भुक्तानी (ग+घ) | | ८६,४२,६४,७९२.११ | ६९,३९,०३,११५.६८ | | ६९,३९,०३,११५.६८ | ७५,६८,२३,४९०.७० | | ७५,६८,२३,४९०.७० |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ८०,३१,९८,४७९ | ६५,२५,४४,७३७.१७ | | ६५,२५,४४,७३७.१७ | ५७,९८,६७,९८०.५४ | | ५७,९८,६७,९८०.५४ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ५,५८,३०,३०० | ४,५८,३९,४७६.८४ | ० | ४,५८,३९,४७६.८४ | १८,८७,०८,५७०.०५ | ० | १८,८७,०८,५७०.०५ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | ९,४१,०२,९०० | ७,६१,३६,२७९.६४ | ० | ७,६१,३६,२७९.६४ | ७,८३,७७,०७२.८७ | ० | ७,८३,७७,०७२.८७ |
| २५००० सहायता (Subsidy) | १८ | १०,००,००० | ९,६३,०६४ | ० | ९,६३,०६४ | ५,५७,१४,८६७.९६ | ० | ५,५७,१४,८६७.९६ |
| २६००० अनुदान | १८ | ४३,८३,२०,२७९ | ३६,२२,९०,२७३.२८ | ० | ३६,२२,९०,२७३.२८ | ३,४१,६२,१६०.०२ | ० | ३,४१,६२,१६०.०२ |
| २७००० सामाजिक सुरक्षा | १८ | २,१३,७५,००० | २,११,११,७९६ | ० | २,११,११,७९६ | ९०,६३,९५७.९६ | ० | ९०,६३,९५७.९६ |
| २८००० अन्य खर्च | १८ | ९,००,००० | ४,३४,००२ | ० | ४,३४,००२ | ३,०९,१६४ | ० | ३,०९,१६४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | १९,१६,७०,००० | १४,५७,६९,८४५.४१ | ० | १४,५७,६९,८४५.४१ | २१,३५,३२,१८७.६८ | ० | २१,३५,३२,१८७.६८ |
| घ. अन्य भूक्तानी | | ६,१०,६६,३१३.११ | ४,१३,५८,३७८.५१ | | ४,१३,५८,३७८.५१ | ७५,६८,२३,४९०.७० | | ७५,६८,२३,४९०.७० |
| कोषहरु | | ५,८०,६६,३१३.११ | ३,६६,४६,९४५.३० | ० | ३,६६,४६,९४५.३० | २,३६,५५,१३२.९८ | ० | २,३६,५५,१३२.९८ |
| धरौटी | | ० | ४७,३४,६७६.२६ | ० | ४७,३४,६७६.२६ | ३७,३५,३२९.१८ | ० | ३७,३५,३२९.१८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ३०,००,००० | ० | ० | ० | १४,९५,६५,०४८ | ० | १४,९५,६५,०४८ |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | -२३,२४३.०५ | | -२३,२४३.०५ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | (७,२०,००,०००) | ११,५०,५७,१२९.५१ | | ११,५०,५७,१२९.५१ | २,९५,७३,८६८.१२ | | २,९५,७३,८६८.१२ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ९,९९,५७,३८१.५९ | | ९,९९,५७,३८१.५९ | ८,३१,९३,९५०.८३ | | ८,३१,९३,९५०.८३ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | (७,२०,००,०००) | २१,५०,१४,५११.१० | | २१,५०,१४,५११.१० | ११,२७,६७,८१८.९५ | | ११,२७,६७,८१८.९५ |
| बैंक तथा नगद बाकी | २४ | | २१,४७,९८,५७१.१० | | २१,४७,९८,५७१.१० | २,९९,६८,४३६.७८ | | २,९९,६८,४३६.७८ |

पालिकाले पेश गरेको वित्तिय विवरणमा समावेश नभएका खर्च शिर्षकहरु निम्नानुसार रहेका छन्ः

| सि.नं. | खर्च शिर्षक | | बजेट | निकासा/खर्च | |
|---|---|---|---|---|---|
| १ | ३१४०१०१२३-सामाजिक सुरक्षा तथा संरक्षण | | १२५८६१०००. | १२५५१७८४२. | |
| २ | ३६५००१०४३-स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रम | | १०९०००००. | १०७३८६९६. | |
| ३ | ३१४०००११३-आन्तरिक मामिला तथा कानून मन्त्रालय | | ४३०००. | ४३०००. | |
| ४ | ३५००००११३-सामाजिक विकास मन्त्रालय | | ५०००००. | ५०००००. | |
| ५ | ३५००००११४-सामाजिक विकास मन्त्रालय | | ३००००००. | ३००००००. | |
| ६ | ३७००० ११६४-एकीकृत स्वास्थ्य पूर्वाधार विकास | | ४४८१५०००. | २३९२९८६१. | |
| ७ | ३१३०११०१४-राष्ट्रिय सूचता व्यवस्थापन तथा अनुगमन आ. | | ६८००००. | ०. | |
| | जम्मा | | १८५७९९०००. | १६३७२९३९९. | |
| | | | | | |
| ८ | राजश्व | | | | |
| | विवरण | आम्दानी | दाखिला | बाँकी | |
| | विभिन्न | १११५९००. | १११९००. | ०. | |
| ९ | कार्यसञ्चालनकोष | | | | |
| | गतवर्षको जिम्मेवारी | यसवर्षको आम्दानी | जम्मा | खर्च | बाँकी |
| | १६८००० | ४६७५००० | ४८४३०००. | ४८४३०००. | ० |

| ४ | | | **आन्तरिक नियन्त्रण प्रणालीः** | |
|---|---|---|---|---|
| ४.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा गरेको पाइएन<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन<br>• पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन | |

| | | | | |
|---|---|---|---|---|
| | | | • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ अनुसार खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको पाइएन । | |
| ४.२ | | | • सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वियन गरेको पाइएन ।<br>• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरे नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको पाइएन । | |
| ४.३ | | | • म. ले. प. फाराम नं ९०६ बमोजिम सवारी साधन मर्मतको अभिलेख अद्यावधिक गरी राखेको पाइएन । | |
| ४.४ | | | • भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणका लागि मलेप फारामको व्यवस्था गरिएको भएतापनि म. ले. प. फाराम ९०७ र ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख खाता राखेको पाइएन । | |
| ४.५ | | | म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका बेरुजुका निम्न फारमहरु अद्यावधिक गरी राखेको पाइएनः<br>• म. ले. प. फाराम ८०१ – बेरुजु लगत, म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन, म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत, म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन र म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख | |
| ४.६ | | | **धरौटी फिर्ताः** आन्तरीक राजस्व विभागको मिति २०६९।६।१० को पत्रमा अग्रिम भुक्तानी वा धरौटी फिर्ता गर्नुपुर्व भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्वन्धीत निर्माण व्यवसायीले कर विवरणमा समावेश गरे नगरेको सम्वन्धीत आन्तरीक राजस्व कार्यालयवाट एकिन गरी भुक्तानी दिने पत्र जारी गरेपछि मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ।कार्यालयले निम्न निर्माण सेवालाइ कार्य सम्पन्न गरि धरौटी रकम फिर्ता गर्दा कर समायोजन प्रमाण पत्र नलिइ भुक्तानी गरेकोले कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु. | ३,६७१,७८७ |

| सि.नं. | गो.भौ.नं. र मिति | निर्माण कम्पनी /फर्म | कार्य | भूक्तानी रकम |
|---|---|---|---|---|
| १ | ४।२०७७।५।१४ | दिवा इन्जिनियरिङ्ग एण्ड कन्स्ट्रक्सन | सुरक्षित आवास दलित बोटे मुसहर वस्ती | 375000 |
| २ | ५, १५।२०७७।६।७ | पिएस निर्माण सेवा | नगरपालिकाको तेस्रो तल्ला निर्माण | 199268 |
| ३ | ७।२०७७।६।२७ | सुमित बिल्डर्स | सामुदायिक पुस्तकालय दोस्रो तल्ला निर्माण | 37948 |
| ४ | २१।२०७७।१२।११ | विडारी निर्माण सेवा | वडा नं. २, १४ को कार्यालय निर्माण | 1107246 |
| ५ | २४।२०७७।१२।२६ | डोको कन्सल्टेन्टे एण्ड कन्ट्रक्सन प्रा.लि. | वडा कार्यालय भवन निर्माण | 699668 |
| ६ | ३२, ४१।२०७८।२।१३ | जुनतारा कन्स्ट्रक्सन | धारापानी स्वास्थ्य चौकी निर्माण | 653226 |
| ७ | ३३।२०७८।३।१ | जे एण्ड डि कन्स्ट्रक्सन प्रा.लि. | न.पा.को दोस्रो तल्ला निर्माण | 599431 |
| | | | जम्मा | 3671787 |

| | | | | |
|---|---|---|---|---|
| ५ | | | **कानून निर्माण एवं कार्यान्वयनः** | |
| ५.१ | | | **कानून निर्माणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म १८ ऐन, ६ नियमावली, १७ कार्यविधि ३ निर्देशिका १ आचार संहिता र १ मापदण्ड समेत ४६ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |
| ५.२ | | | **न्यायीक समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विमद दताए भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ८ र यो बर्ष थप भएको ६५ वटा दर्ता गरी कूल ७३ वटा विवाद भएकोमा ४६ मात्र फछ्र्यौट भई २७ बाँकी देखिन्छन् । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| ६ | | | **वित्तीय विवरण परीक्षणः** | |
| ६.१ | | | • आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेमा गरेको पाइएन । | |
| ६.२ | | | • निवृत्तभरण कोष ऐन, २०७५ को दफा १० अनुसार कार्यालयले कर्मचारीको मासिक तलबबाट ६ प्रतिशतले हुन आउने रकम कट्टा गरी सोमा नेपाल सरकारको तर्फबाट शतप्रतिशत रकम थप गरी कोषमा जम्मा गर्नु पर्ने व्यवस्था अनुसार कट्टा गरी जम्मा गरेको छ । | |


https://nams.oag.gov.np

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.७०००००।- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोभैm कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर उचित नदेखिकएकोले यसमा सुधार गर्नु पर्दछ । | | |
| ६.३ | | | **वित्तीय विवरण विश्लेषणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• सुत्रबाट तयार भएको वित्तिय प्रतिवेदन अनुसूची २३ ले फर्छोट गर्न बाँकी पेश्की रु. ९७५४८०५।९२ र सुत्रबाट तयार भएको फर्छोट गर्न बाँकी पेश्कीको मास्केवारी म.ले.प.फा.नं. २११ अनुसार फर्छोट गर्न बाँकी पेश्की रु. ७७५४८०५।९२ देखाएबाट रु. २००००००।- अनुसूची २३ ले बढी देखाएको छ ।<br>• गत वर्षको सञ्चितकोषको मौज्दात रु. ९६७५३३४३।१२ देखिएकोमा वित्तिय प्रतिवेन म.ले.प.फा.नं. २७२ मा गत वर्षको जिम्मेवारी रु. ९९९५७३८१।५९ अल्या गरेबाट रु. ३२०४०३८।४७ बढी जिम्मेवारी देखाएको छ । तसर्थ सुत्रबाट तयार भएको वित्तिय प्रतिवेदनले आर्थिक करोबारको यथार्थ र सही चित्रण गरेको छैन । | | |
| ६.४ | | | **जिम्मेवारी फरक परेकोः** स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.९६७५३३४३।१२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.९९९५७३८१।५९ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.३२०४०३८।४७ घटी।बढी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.३२०४०३८।४७ | | |
| ७ | | | **बजेट तथा कार्यक्रमः** | | |
| ७.१ | | | **बजेट पेश, पारित र अख्तियारीः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री पार्वता तिवारीले २०७७।३।१० गते रु.६७ करोड २१ लाख ८५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०७७।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।३।१५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | | |
| ७.२ | | | **अबण्डा बजेटः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु. १ करोड अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको २०७७।८।२८ को निर्णयबाट पुजीगततर्फ विभिन्न शीर्षकमा रु.२१४३०८८।- बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | | |
| ७.३ | | | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । | | |

कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र. सं. | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु. १ लाख भन्दा कमको योजना | 26 | 1489034 |
| २ | रु. १ लाख देखि ५ लाख सम्मका योजना | 195 | 42197332 |
| ३ | रु. ५ लाख देखि १० लाख सम्मका योजना | 40 | 23650000 |
| ४ | रु. १० लाख एक देखि ५० लाख सम्मका योजना | 31 | 44225157 |
| ५ | रु. ५० लाख भन्दा माथिका योजना | 0 | 0 |
| | जम्मा | 292 | 111561523 |

७.४

**क) क्षेत्रगत बजेट र खर्चः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| मुख्य क्षेत्र | वार्षिक वजेट | खर्च रकम | कुल खर्च मध्ये प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास | 54663270 | 45894498 | 7.03 |
| सामाजिक क्षेत्र | 347778800 | 310427235 | 47.57 |
| पूर्वाधार विकास क्षेत्र | 259262009 | 177670204 | 27.23 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 28650000 | 23175049 | 3.55 |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | 112844400 | 95377748 | 14.62 |
| जम्मा | 803198479 | 652544734 | 100.00 |

**ख) चौमासिक पूँजिगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेस्रो चौमासिक तथा आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।



https://nams.oag.gov.np

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | संघिय सरकार | 64755 | 1098 | 12528 | 51129 | 23278 |
| २ | प्रदेश सरकार | 13324 | 3288 | 923 | 9107 | 5433 |
| ३ | पालिका | 67692 | 4514 | 47891 | 15287 | 5530 |
| ४ | कूल खर्च: | 145771 | 8900 | 61342 | 75523 | 34241 |
| | खर्च प्रतिशत | | 6.11 | 42.08 | 51.81 | 23.49 |

७.५ **कार्यक्रम तथा प्रगतिः** तोकिएको लक्ष्य पुरा हुने गरी शत प्रतिशत प्रगति हासिल गर्नुपर्दछ । कार्यालयले देहायका कार्यक्रममा शुन्य प्रगति गरेको छ । पुरा गर्न सक्ने योजनाहरु मात्र छनौट गरी कार्यान्वयनमा लैजानुपर्दछ । लक्ष्य अनुसार प्रगति नहुने हो भने बार्षिक कार्यक्रमको कुनै औचित्य नरहने हुँदा पालिकाले योजना छनौटमा ध्यान पुर्याउनु पर्दछ । पूँजीगत कार्यक्रम तर्फ शून्य प्रगति भएका केही उदाहरण देहायअनुसार छन्:

| सि.नं. | कार्यक्रम/आयोजना/क्रियाकलापको नाम | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | जनज्योती मार्ग कालोपत्रे मर्मत | ८,००,००० | ० | ० |
| २ | कैलाश चोक देखी बेल चौतारा जाने बाटो स्तरोन्नती | २,००,००० | ० | ० |
| ३ | रिङरोड खण्ड अन्तर्गत कालोपत्रे | १२,००,००० | ० | ० |
| ४ | दिव्यनगर-मुक्तिक्षेत्र तराई मधेश समृद्वी कार्यक्रमको अधुरो बाटो कालोपत्रे | १५,००,००० | ० | ० |
| ५ | नगरको खेलकुद मैदान स्तरोन्नती | १०,००,००० | ० | ० |
| ६ | टोकरे नहर पाले घर निर्माण | ७६,९०० | ० | ० |
| ७ | टोकरे नहर पाले घर निर्माण | २३,१०० | ० | ० |
| ८ | बिभिन्न कार्यक्रममा समपुरक गर्न | १,९८,००० | ० | ० |
| ९ | डिप वोरिङ निर्माण देवचुलि ३ | २५,००,००० | ० | ० |
| १० | वेल चौतारा ढल निर्माण | ५,००,००० | ० | ० |
| ११ | सफारी चोकमा प्रतिक्षालय निर्माण | ५०,००० | ० | ० |
| १२ | वोरीङ्ग मार्ग स्तरउन्नती /प्रधानमन्त्री रोजगार कार्यक्रम सगँ साझेधारी | ३,००,००० | ० | ० |
| १३ | सिचाई व्यवस्थापन | ३,००,००० | ० | ० |

८ **अनुदान प्राप्ती, वितरण, उपयोग र फिर्ताः**

८.१ **आर्थिक सहायताः** महोत्सव तथा अन्य खर्च भुक्तानी गर्दा सम्बन्धित कानूनले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरी कानून बनाएको पाइएन तर पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिने गरेको छ । कानून बनाएर मात्र यस्ता सहायता प्रदान गर्नुपर्दछ । यस नगरपालिकाले बाढी पहिरो तथा औषधि उपचार वापत यो वर्ष १०३ व्यक्ति संस्थालाई आर्थिक सहायता वापत रु. ९३६८५२।- खर्च लेखि भूक्तानी गरेको छ ।

८.२ **फिर्ता गर्न बाँकी अनुदानः** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था भएकोमा निम्नानुसारको रकम संघिय तथा प्रदेश सरकारको सञ्चितकोषमा जम्मा गर्नुपर्ने रु. ५२५८१८०७।७२ आर्थिक वर्षको अन्त्यमा फिर्ता नभइ बाँकी रहेको रकम निम्न मितिमा दाखिला भएको छ ।

- संघिय स्रोत तर्फको सर्सत चालु अनुदान आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको रकम रु. ५२५८१३१७।७२।- मध्ये रु. ५२५७९१७६।७४।- मिति २०७८।४।१३ मा र रु. २१४१।- मिति २०७८।११।३० मा फिर्ता दाखिला भएको छ ।

| | | | | |
|---|---|---|---|---|
| | | | • प्रदेश सरकार तर्फको सर्सत चालु अनुदान रु. ४९०।- मिति २०७८।११।३० फिर्ता दाखिला भएको छ । | |
| ९ | | | **संगठन तथा कर्मचारी ब्यवस्थापनः** | |
| ९.१ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३६ जना कर्मचारीहरु करारमा राखी रु.८४२४०००।- खर्च लेखेको छ । | |
| ९.२ | | | **कर्मचारी दरबन्दीः** कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था बमोजिम पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको दरवन्दी स्वीकृत भएको छ । पालिकामा कूल दरबन्दी संख्या १०२ भएकोमा स्वास्थ्य तर्फ २ जना बढी पूर्ति भएको बाहेक ७८ पदपूर्ती भई २४ पद रिक्त रहेको पाइयो दरबन्दी अनुसार पदपूर्ती गरिनुपर्दछ । | |
| १० | | | **सम्पत्ति उपयोग र संरक्षणः** | |
| १०.१ | | | • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको पाइएन । | |
| १०.२ | | | • साविक गाउँपालिका / नगर पालिकाका, संघीय विषयगत कार्यालयको सम्पत्ति र साविकका कार्यालयका कोषहरु हस्तान्तरण र अभिलेख अद्यावधिक गरी राख्नु पर्नेमा अद्यावधिक गरेको पाइएन । | |
| १०.३ | | | • सार्वजनिक सम्पत्ति र जगाको अभिलेख नभएको र सम्पतिको संरक्षण र उपयोग सम्बन्धि नीति र मापदण्ड बनेको पाइएन । | |
| ११ | | | **खरिद व्यवस्थापनः** | |
| ११.१ | | | • सम्झौतामा तोकिएको म्याद भित्र कार्य सम्पन्न नभइ धेरै योजनाको म्याद थप्ने गरेको छ ।<br>• निर्माण गरिएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तताको परीक्षण गरी प्रमाणित गरेको प्रमाण वेगर कार्य सम्पन्न बनाएको कार्य स्वीकार प्रतिवेदन नबनाएको । | |
| ११.२ | | | • बोलपत्र मार्फत गरिएका योजनाको केहीको गुणस्तर परिक्षण गर्ने गरेको तर उपभोक्ता समितिबाट भएका अधिकांश योजनाको गुणस्तर परिक्षण गर्ने गरेको पाइएन । | |

| | | | | |
|---|---|---|---|---|
| १२ | | | **राजस्व आन्तरिक नियन्त्रणः** | |
| १२.१ | | | • पालिकाले प्राप्त गर्नुपर्ने राजश्वको लगत अद्यावधिक गरी राख्नु पर्नेमा लगत अद्यावधिक गरेको पाइएन । | |
| १२.२ | | | • ऐनको अधिकार अन्तर्गत नगरपालिकामा जारी भएका ऐनहरु गाउँसभाको जिम्मेवारीमा र नियम ,कार्यविधि, निर्देशिका लगायतका कानूहरु नगर कार्यपालिकाको जिम्मावारीमा जारी भएको र अद्यावधिक हुने गरेको छ । | |
| १३ | | | **शिक्षाः** | |
| १३.१ | २६३ | २०७८-१-२४ | **गैरआवासिय दलित छात्रवृत्तिः** कार्यक्रम कार्यान्वयन पुस्तिका आ.व. २०७७/७८ को ४.१.४ अनुसार स्थानीय तहले भौंगोलिक अवस्था, दुरी र अपाङ्गताको कारणले घरबाट दैनिक आवत जावत गर्न नसक्नेका लागी विद्यालयले गरेको आवास व्यवस्थापनमा प्रतिविद्यार्थी प्रति महिना रु.४,०००.०० का दरले गरिने निकासा मध्ये व्यक्तिगत सरसफाईका सामाग्री खरिद गर्ने प्रति विद्यार्थी प्रति महिना रु.5०० का दरले १० महिनाको अनिवार्य नगद उपलव्ध गराउनु पर्ने व्यवस्था छ ।२०७७ मंसिर देखी फाल्गुनसम्म ३ १/२ महिना १५ जनालाई र २०७८ चैत्र-बैशाखसम्म ११/२ महिनाको १८ जनालाई रु.४००० का दरले जम्मा रु.३,१८,०००.०० निकासा गरिएको छ । व्यक्तिगत सरसफाईका सामाग्री खरिदको लागी प्रति विद्यार्थी प्रति महिना रु.5०० का दरले अनिवार्य नगद उपलव्ध गराएको प्रमाण पेश हुन आएन ।३ १/२महिनाको १५ जना र १ १/२ महिनाको १८ जना विद्यार्थीलाई रु.५०० का दरले नगदै वुझाएको प्रमाण पेश गर्नुपर्ने रु. | ४०,५०० |
| १३.२ | २१५ | २०७७-१२-१७ | शिक्षण सहयोग अनुदानः अंग्रेजी, विज्ञान, गणित विषयमा शिक्षण सहयोग अनुदान शिक्षक व्यवस्थापनका लागी जारी गरिएको शिक्षण सिकाई अनुदान व्यवस्थापन कार्यविधि २०७७ को दफा ६ अनुसार शुन्य र एक दरवन्दी भएका सामुदायिक आधारभुत र माध्यमिक विद्यालयलाई शिक्षण सिकाई अनुदान शिक्षकको व्यवस्था गरेको छ ।गाउँपालिकाको शिक्षा शाखामा अभिलेख कायम भएका शिक्षकहरुको सम्वन्धित विद्यालयले पेश गरेको तलवि माग फारामका आधारमा निकासा गर्नुपर्ने व्यवस्था छ ।तपसिलका विद्यालयका शिक्षकहरुको लागी जम्मा रु.५,१८,४००.०० एकमुष्ठ निकासा गरिएको छ । आर्थिक वर्षको अन्त्यमा बाँकी बजेट फ्रिज हुने सशर्त बजेटबाट विद्यालयमा आ.व.२०७८/७९ मा नियुक्त हुने शिक्षकको लागि निकासा गरिएको छ । आगामी आर्थिक वर्षको पारिश्रमिक चालु आर्थिक वर्षमा निकासा गरिनु उपयुक्त देखिएन । | |

| सि.नं. | विद्यालयको नाम | शिक्षकको नाम | नियुक्तीको निर्णय मिति | निकासा |
|---|---|---|---|---|
| १ | नेपाल शारदा आ वि | एन्जिला सोती | 078/1/7 | 112800 |
| २ | शान्ती सिर्जना आ.वि. | | निरन्तरता | 112800 |
| ३ | प्रभात जनता आ.वि. | निशा भुषाल | 5/20/2078 | 112800 |
| | | कमल भुषाल | | |
| ४ | सकला देवी मा.वि. | पवन ढकाल | 5/20/2078 | 180000 |
| | | जम्मा | | 518400 |

| | | | | |
|---|---|---|---|---|
| १३.३ | ५१२ | २०७८-३-२९ | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियन कार्यविधि २०७६ को दफा ६(८) अनुसार विद्यालयको भौतिक पूर्वाधार निर्माण उपभोक्ता समिति वा ठेक्कापट्टाद्धारा गर्न सकिने दफा ६(१०) अनुसार मन्त्रालयबाट स्वीकृत सम्वन्धित विषय क्षेत्रको निर्देशीका तथा वार्षिक कार्यक्रम कार्यान्वियन पुस्तिका वमोजिम हुनुपर्ने व्यवस्था छ । कक्षा कोठा निर्माण तथा कम्प्यूटर ल्याव निर्माण कार्यको लागी कुमारवर्ती आ.वि. लाई रु.१७५५०००.०० र पशुपति शा.आ.स. मावि लाई रु.६५००००.०० समेत जम्मा रु.२४,०५,०००.०० निकासा दिएको छ । कक्षा कोठा निर्माण तथा कम्प्यूटर ल्याव निर्माण कार्य सम्पन्न भएको प्रमाण पेश भएको छैन । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले च.नं. ८३ मिति २०७८/३/२० को संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियनको लागि समन्वय र सहजीकरण सम्वन्धमा उल्लेख गरे अनुसार सबै स्थानीय निकायले अनुरोध गरे अनुसार निकासा भएको रकमको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरिनुपर्दछ । | |
| १३.४ | २६२ | २०७८-१-२४ | शिक्षण सिकाई सामाग्रिः कार्यक्रम कार्यान्वियन पुस्तिका आ.व. २०७७/७८ को सि.नं.२.६ अनुसार शिक्षण सिकाई सामाग्री, ल्याव असिस्टेन्ट पारिश्रमिक, उपकरण र प्रयोगात्मक सामाग्रिका लागी प्रति विद्यार्थी रु.१५०००.०० का दरले अनुदान दिने व्यवस्था छ ।पृथ्वी माविका ४६ जना र देवचुली माविका १२० जना गरि जम्मा १६६ जना विद्यार्थीको लागी रु.१५,०००.०० का दरले जम्मा रु.२४,९०,०००.०० निकासा गरिएको छ ।निकासा रकमको प्रयोगको प्रमाण पेश भएको छैन । शिक्षण सिकाई सामाग्री, ल्याव असिस्टेन्ट पारिश्रमिक, उपकरण र प्रयोगात्मक सामाग्रिका लागी भएको खर्चको विलभरपाई प्रमाण पेश गर्नुपर्ने रु. | २,४९०,००० |
| १३.५ | १२१ | २०७७-१०-२१ | लेखापरीक्षणः कार्यक्रम कार्यान्वियन पुस्तिका २०७७।७८ को सि.नं. ५.१ क्रियाकलाप नं.२.७.१३.१० अनुसार विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणका लागि आधारभुत तह प्रति विद्यालय वार्षिक रु.१०,०००.०० र माध्यमिक तह प्रति विद्यालय वार्षिक रु.१५,०००.०० एकमुष्ट अनुदान उपलब्ध हुने व्यवस्था छ ।आर्थिक वर्ष ०७७/७८ मा विद्यालयलाई लेखापरीक्षणको लागी निकासा भएकोमा आ.व. २०७६/७७ को लेखापरीक्षण प्रतिवेदन पेश भएको छैन ।तपसिलको विद्यालयले लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु. | ९०,००० |

| सि.नं. | विद्यालयको नाम | लेखापरीक्षण खर्च रु. |
|---|---|---|
| १ | वरचुली मावि | 15000 |
| २ | पशुपती शा.सा.स.मा.वि | 15000 |
| ३ | शान्ती सृजना आवि | 10000 |
| ४ | देवचुली प्रावि | 10000 |
| ५ | जिवनज्योती प्रावि | 10000 |
| ६ | वालकिरण प्रावि | 10000 |
| ७ | मिलिजुली प्रावि | 10000 |
| ८ | सरस्वती प्रावि, कुलेनी | 10000 |

| | | | | |
|---|---|---|---|---|
| १३.६ | | | जिन्सी दाखिला - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) अनुसार जिम्मेवार व्यक्ति आफ्नो जिम्मामा आएको सरकारी जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले खरिद गरेका रु.४४,४०,४०६.०० को निम्न सामाग्रीको दाखिला प्रमाण पेश नभएकोले दाखिला | ३,२९०,९०७ |

प्रमाण पेश हुनुपर्ने रु.

| सि.नं. | गो .भौ.न. र मिति | विद्यालयको नाम | खरिद विवरण | रकम |
|---|---|---|---|---|
| २ | ४२७-०७८/३/२७ | भिमसेन आदर्श मावि | मिनि पिसि कम्प्यूटर-२५,एसएसडि-२५,डिडिआर-२५, मोनिटर एलसिडि-२५, माउस-२५, किवोर्ड-२५ | 1250000 |
| ३ | ४२७-०७८/३/२७ | भिमसेन आदर्श मावि | प्रोजेक्टर-५, ल्यापटप-१, सिसि क्यामरा-६, वेभसाइट डेभलपमेन्ट सफ्टवेयर-१,पेन ड्राईभ-१, Hikvision gigabit switch-1, POE switch-1 | 470500 |
| ४ | ४२७-०७८/३/२७ | वालकिरण आ.वि. | डेस्कटप-४, मोनिटर-४, नर्-४, किवोर्ड-४, साउण्ड सिस्टम-४, ल्याप्टप-१, फोटोकपि मेशिन-१, एलईडी टि.भी. ३२ ईन्च-१ | 313000 |
| ५ | ४२७-०७८/३/२७ | वालकिरण आ.वि. | चेयर-२, दराज-२, ओपन बुक रयाक-१, कम्प्यूटर टेवल-६, रिभल्भिङ चेयर-१, अफिस सिगंल बुक-१ | 161025 |
| ६ | ४२७-०७८/३/२७ | सकला मा.वि. | डेस्कटप-५, प्रोजेक्टर-१, हवाईटवोर्ड-१, प्रिन्टर-१, वायोमेट्रिक डिभाईस-१, सिसि क्यामरा-१५ | 439450 |
| ७ | ४२७-०७८/३/२७ | सकला मा.वि. | डेस्कटप-१, क्यानन प्रिन्टर-२, राउटर-१ | 100000 |
| ८ | ११९-०७७/१०/११ | नेपाल राष्ट्रिय शारदा मावि | मिनि पिसि-१०, डिडिआर-१०, मोनिटर-१०, प्रिन्टर-१ | 425000 |
| ९ | ११९-०७७/१०/११ | नेपाल राष्ट्रिय शारदा मावि | कम्प्यूटर टेवल-५, कम्प्यूटर कुर्ची-१०, अफिस टेवल-१, अफिस कुर्ची-१ (कार्पेट पर्दा समेत) | 131932 |
| | | | जम्मा | 3290907 |

| | | | | |
|---|---|---|---|---|
| १४ | | | **प्रकोप व्यवस्थापनः** | |
| १४.१ | | | कार्य योजना - विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्दार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| १४.२ | | | गतवर्षको भुक्तानीः गतवर्षको भुक्तानी बाँकीलाई कार्यपालिकाको निर्णय अनुसार सभाबाट पारित गरेर मात्र खर्च गर्नुपर्दछ । तपसिलको कार्यमा गतवर्षको भुक्तानी दिन बाँकी रहेको विवरण प्रमाणित गरेर राखेको देखिदैन ।यसरी भुक्तानी दिन बाँकि सम्वन्धमा निर्णय वेगर गरिएको खर्च नियमसम्मत नदेखिएको रु. | ४७५,३९० |

| सि.नं. | भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | ५-०७७/४/३२ | नेपाल मावि दिव्यपुरीका कृष्ण खनाललाई क्वारेन्टाईन व्यवस्थापनमा २०७७ जेठको धारा जडान विल भुक्तानी रु. | 11135 |
| २ | ९-०७७/४/३ | २०७७ आषाढ १७ देखि ३१ सम्म खाना खाजा खुवाए वापत देवचुली प्रा.वि. को क्वारेन्टाईन खर्च रु. | 21300 |
| ३ | १०-०७७/४/३२ | सुरजसिंह अधिकारीलाई २०७७ आषाढ ११ देखि मसान्तसम्मको जोखिम भत्ता भुक्तानी रु | 45527 |
| ४ | ११-०७७/४/३२ | २०७७ आषाढ १३ देखि मसान्तसम्मको रु.१००० का दरले २० दिनको जोखिम भत्ता भुक्तानी रु | 20000 |
| ५ | १२-०७७/४/३२ | २०७७ आषाढ महिना ३१ दिनको रु.५०० का दरले खिम प्रसाद भुषाल र सिता अर्याललाई जोखिम भत्ता भुक्तानी रु | 31000 |
| ६ | १५-०७७/४/३२ | २०७७ आषाढ २५ को विद्युत महशुल विल (२०७६ फाल्गुनको महशुल) रु.53533 भुक्तानी रु. | 53533 |
| ७ | १७-०७७/४/३२ | २०७७ आषाढको खाना खाजा खुवाए वापत कालिका मावि-९ को क्वारेन्टाईन खर्च रु. | 95649 |
| ८ | २१-०७८/५/२ | २०७७ आषाढ महिनाको ल्याण्डफिलमा जाली भर्ने कार्य, पंजा, गमबुट खरिदको रमेश ब ठाडालाई भुक्तानी रु. | 35000 |
| ९ | २३-०७७/५/२ | २०७७ आषाढ महिनाको जनज्योती माविमा क्वारेन्टाईन बस्नेको रेखदेखको लागी रिमा खरेल र कमला पौडेललाई पारीश्रमिक भुक्तानी रु. | 21000 |
| १० | २५-०७७/५/७ | २०७७ आषाढको वडा नं.७ को क्वारेन्टाईन संचालन खर्च वापत भुपराज पाठकलाई भुक्तानी रु. | 71609 |
| ११ | २९-०७७/५/११ | २०७७ आषाढको भिमसेन माविको क्वारेन्टाईन संचालन खर्च वापत रामचन्द्र तिमिल्सिना र लक्ष्मी तिमिल्सिनालाई भुक्तानी रु. | 28600 |
| १२ | ३०-०७७/५/१४ | २०७७ आषाढको देवचुली प्राविका गार्ड यज्ञराज पौडेललाई पारिश्रमिक भुक्तानी रु. | 10000 |
| १३ | ४७-०७७/६/६ | २०७७ आषाढको वरचुली क्वारेन्टाईन संचालन खर्च वापत उमेश खनाललाई भुक्तानी रु. | 10000 |
| १४ | ६३-०७७/७/१६ | २०७६ चैत्र, २०७७ बैशाख र जेठको विद्युत महशुल भुक्तानी रु. | 21037 |
| | | जम्मा | 475390 |

१५

**पेश्की व्यवस्थापनः**

**पेश्की फछ्र्यौटः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (४) अनुसार पेश्की लिने व्यक्ति वा सस्थाले काम सम्पन्न भएको मितिले १५ दिन भित्र पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले उपलब्ध गराएको फछ्र्यौट गर्न बाँकी पेश्कीको मास्केवारी तथा म.ले.प.फा.नं. २७२ को वित्तिय प्रतिवेदनको अनुसूची २३ अनुसार चालु आर्थिक वर्षको फछ्र्यौट गर्न बाँकी रहेको रु. ७५९५४१७।९२ र गत आ.व सम्मको २१५९३८८।- समेत रु. ९७५४८०५।९२ को म्याद ननाघेको, ठेक्काको म्याद थप नभएको र पेश्की जमानतको म्याद समेत सकिएकोले निम्नानुसारको पेश्की रकम वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ को उपनियम ४ अनुसार फछ्र्यौट गर्नुपर्दछ । चालु आ.व. को म्याद नाघेको निम्नानुसारको पेश्की रकम नियमावलीमा व्यवस्था भए वमोजिम फछ्र्यौट गर्नुपर्ने रु.

९,७५४,८०६

| क्रम | कर्मचारीको नाम | पेस्की रकम |
|---|---|---|
| १५.१ | सडक बोर्ड नेपाल (२०७८।३।३) | २०,००,००० |
